अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

थासाङ गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड : ५ | संख्या : ७ | मिति : २०७८/१०/२४ |

भाग — २

## थासाङ गाउँपालिका

## थासाङ गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७८

थासाङ गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/१०/२४

थासाङ गाउँपालिका

# थासाङ गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावनाः** थासाङ गाउँपालिका क्षेत्रभित्र रहेका विपन्न तथा गरिवीको रेखामुनी रहेका भनी प्रमाणित भएका मुटु, मृगौला, फोक्सो क्यान्सर लगायतका गम्भीर प्रकृतिका रोग लागेका, प्राकृतिक प्रकोपका कारण राहत दिनुपर्ने गरी पीडित भएका व्यक्तिलाई आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कार्यविधि तयार गर्न वान्छनीय भएकोले थासाङ गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको गरेको छ ।

## परिच्छेद १

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम थासाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७८ रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः**

(क)"गाउँपालिका भन्नाले" थासाङ गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ख)"कार्यपालिका भन्नाले" थासाङ गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ग)"आर्थिक सहायता पाउन योग्य व्यक्ति भन्नाले"गरिवीको रेखामुनी रहेको भनी प्रमाणित भएका मुटु, मृगौला, फोक्सो क्यान्सर लगायतका गम्भीर प्रकृतिका रोग लागेका, प्राकृतिक प्रकोपका कारण समस्यामा परि पीडित भएका राहत आवश्यक पर्ने व्यक्तिहरुलाई वुझाउछ ।

(घ)"प्रमुख प्रशासकीय अधिकृत भन्नाले" थासाङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ)"गाउँपालिकाका अध्यक्ष भन्नाले" थासाङ गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्दछ ।

थासाङ गाउँपालिका

## परिच्छेद-२
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. **दिर्घरोगी तथा क्यान्सर पिडितलाई सहायताः-** (१) आर्थिक सहायता पाउन योग्य दीर्घरोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क पक्षघात) तथा क्यान्सर पिडित व्यक्ति, प्राकृतिक प्रकोपका कारण घरबारबिहिन भई राहत दिनुपर्ने अवस्थाका ब्यक्तिहरूले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्ने छन ।स्पष्टिकरण आवश्यक कागजात भन्नाले "आर्थिक रुपले विपन्न भनी सम्बन्धित वडा कार्यालयबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट र गाउँपालिकाको स्वास्थ्य संयोजकको सिफारिश, प्रहरी मुचुल्का, वडा मुचुल्का लगायतका कागजात वुझ्नु पर्दछ" ।

(२) दफा (३) उपदफा (१) वमोजिम प्राप्त निवेदन माथि समितिले आवश्यक छलफल गरि आर्थिक सहायता दिने निर्णय गरेमा पीडितको अवस्था हेरि रु. ५००० देखि वढीमा रु. २५००० सम्म आर्थिक सहायता दिन सकिनेछ ।

४. **हिंसा पिडित तथा मानव वेचविखनमा परेकालाई सहायताः-** यौन हिंसा बाट पिडित एंव वेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न कार्यपालिका/अध्यक्षको निर्णयानुसार बढीमा रकम रु.५००० सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।अध्यक्षको निर्णयानुसार उपलब्ध गराएमा स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्नुपर्ने छ ।

५. **सवारी दुर्घटना, रुख भिर बाट लडेका तथा विद्युतीय करेन्ट लागि मृत्यु भएका मृतक परिवारलाई सहायताः-** सवारी दुर्घटनामा परि ज्यान गुमाउने, रुख भिरबाट लडि ज्यान गुमाउने तथा विद्युतीय करेन्ट लागि गुमाउने मृतकका परिवारलाई परिवारको व्यवस्थापनको लागि आर्थिक सहायता स्वरुप कार्यपालिकाको निर्णयको आधारमा प्रति मृतक रु.२५००० उपलब्ध गराउन सक्नेछ ।

६. **आर्थिक सहायता प्राप्त गर्न पेश गर्नुपर्ने कागजातः-** नागरिकता, प्रहरी कार्यालयबाट जारी मुचुल्का र अन्य प्रमाणित कागजात सहित गाउँपालिका कार्यालयमा निवेदन दिन सकिनेछ।

७. **निवेदनको ढाँचाः-** दफा ३,४,५ को लागि अनुसुचि १ बमोजिमको ढाचाँमा निवेदन दिनु पर्नेछ ।

## परिच्छेद ३
## विविध

८. **अधिकार प्रत्यायोजन गर्न सकिनेः-** यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको अधिकार गाउँकार्यपालिकाले गाउँपालिका अध्यक्षलाई दिन सक्नेछ ।

९. **कार्यपालिकाको निर्णय बमोजिम हुनेः-** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएपनि कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

१०. **पटक पटक सुविधा नपाउनेः-** आर्थिक सहायता सम्बन्धी शिर्षकबाट एक पटक सुविधा प्राप्त गरेको व्यक्ति तथा परिवारले पुन सोही कार्यको लागि पटक पटक सुविधा पाउने छैन

११. **संशोधन तथा परिमार्जनः-** यस कार्यविधिलाई व्यवस्थित वनाउन आवश्यकता अनुसार गाउँपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

१२. **खारेजी तथा बचाउः-** यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार र अन्य प्रचलित कानुनसंग बाझिएको हकमा बाझिएको हकसम्म अमान्य हुनेछ। साथै गाउँकार्यपालिकाबाट यस आ.व मा सहयोग सम्बन्धमा भएका निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

थासाङ गाउँपालिका

अनुसुचि-१

मितिः

श्रीमान अध्यक्ष ज्यू,

थासाङ गाउँपालिका,कोवाङ मुस्ताङ

विषयः आर्थिक सहायता/राहत उपलब्ध गराईदिनुहुन

महोदय,

प्रस्तुत विषयमा म/हामी ............................रोगले/प्राकृतिक प्रकोपबाट पिडित/ ग्रसित भई ....................................गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु /छौ । मेरो परिवारको आर्थिक अवस्था कमजोर भएकोले सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता/राहत उपलब्ध गराई निशुःल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिश गरिदिनुहुन तपशिलका कागजातहरु यसैसाथ संलगन राखि पेश गर्दछु /गर्दछौं ।

<u>तपशिल</u>

१ नेपाल सरकार स्वास्थ्य संस्थाबाट जारी सिफारिश

२ नागरिकता /जन्मदर्ता /विवाहदर्ता को प्रतिलिपि

३ अन्य केही भए

<u>निवेदक</u>

| क.स | नाम/थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**आज्ञाले,**

**नगेन्द्र सुवेदी**

**प्रमुख प्रशासकीय अधिकृत**

थासाङ गाउँपालिका